स्थानीय सरकार
Local Government
पथरी शनिश्चरे नगरपालिका
Pathari Shanishchare Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
पथरी, मोरङ, कोशी प्रदेश, नेपाल
Pathari, Morang, Koshi Province, Nepal

प.सं.२०८२/०८३
च.नं.

प्रथम पटक प्रकाशित मितिः २०८२/१०/१२

विषयः प्रस्ताव आवहान सम्बन्धी सूचना ।

यस पथरी शनिश्चरे नगरपालिका, कृषि विकास शाखाको आ.व. २०८२/८३ को बार्षिक स्वीकृत कार्यक्रम **मकै खेती प्रवर्द्धन** कार्यक्रम ५० प्रतिशत लागत साझेदारीमा संचालन गर्ने निर्णय भएको हुँदा यस नगरमा सूचिकृत तथा दर्ता रहेको कृषक समूह, कृषि सहकारी संस्था, व्यवसायिक कृषि फार्म तथा उद्यमीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र अर्थात मिति २०८२/१०/२६ गते कार्यालय समयमा तपसिलका आवश्यक कागजातहरुका साथ प्रस्तावना दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिलः

१. रु १० को हुलाक टिकट टाँस गरेको निवेदन वा रु १० निवेदन दस्तुर तिरेको रसिद।
२. निवेदकको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।
३. संस्थाको गत आ.व. २०८१/८२ मा कर चुक्ता, दर्ता प्रमाणपत्र, स्थाई लेखा नम्बर तथा निर्णयको प्रतिलिपि।
४. कार्यक्रम संचालन हुने स्थानको जग्गा धनिपुर्जा र जग्गाको मालपोत तिरेको रसिद र भाडामा भए कम्तीमा ५ बर्षको सम्झौता पत्र।
५. सम्बन्धित वडाको सिफारिस।
६. कार्यक्रम प्रस्तावना/लागत स्टीमेट तथा स्पेशिफिकेशन समेत पेश गर्नुपर्नेछ यन्त्र तथा औजारको हकमा।
७. कार्यक्रम प्रस्तावनाको ढाँचा (अनुसूची -२) वडा कार्यालय तथा कृषि विकास शाखावाट प्राप्त गर्न सकिनेछ।
८. प्रस्तावकले लागत साझेदारी गर्ने क्षमताको स्वीकार पत्र वा आधारहरु र अन्य निकायवाट विगत दुई आ.व. अनुदान नलिएको स्व घोषणा पत्र।

*नोटः यस कार्यक्रममा सहभागी हुन न्युनतम २० हेक्टर क्षेत्रफलको प्रस्ताव पेश गर्नुपर्नेछ र संघ, प्रदेश र स्थानीय तहवाट यस अघि अनुदान नलिएको हुनुपर्नेछ र लिएको हकमा २ वर्षक नाघेको हुनु पर्दछ।*

प्रमुख प्रशासकीय अधिकृत

पथरी, मोरङ, कोशी प्रदेश, नेपाल, फोन नं. +९७७-०२१-५५६११३
Email: patharishanishcharemun@gmail.com, info@patharishanishcharemun.gov.np website: www.patharishanishcharemun.gov.np